नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८२/०८३
चलानी नं.:- १४२

मितिः २०८२/७/१९

विषयः- बालमैत्री स्थानीय गाउँ/नगरपालिका घोषणाको विवरण सम्बन्धमा ।

श्री गाउँ/नगरपालिका (सबै ७५३)

राष्ट्रिय बाल अधिकार परिषद्को च.नं. २२९ मिति २०८२/०७/१३ को पत्रबाट बालमैत्री घोषणा भएका गाउँ।नगरपालिका सम्बन्धी विवरण माग भई आएको हुँदा सो सम्बन्धी विवरण देहाय बमोजिम लिङ्कमा उपलब्ध ढाँचामा अद्यावधिक गरी पठाइदिनुहुन अनुरोध छ ।

ढाँचा उपलब्ध हुने लिङ्कः **https://bit.ly/cflgdetail**

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय बाल अधिकार परिषद्, श्रीमहल, पुल्चोक ।
श्री सूचना प्रविधि शाखाः पत्र र लिङ्क वेबसाइटमा राखिदिनुहुन ।

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

## National Child Rights Council-NCRC

श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : २०८२।८३

चलानी नं. : २२९

मितिः २०८२/०७/१३

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

**विषयः- संघीय संरचनापछि बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरूको विवरण उपलब्ध गराइदिने सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९१ को उपनियम (१) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र राष्ट्रिय बाल अधिकार परिषद्ले संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरूबाट प्राप्त प्रतिवेदनका आधारमा समग्र बाल अधिकारको अवस्था समेट्ने गरी "बालबालिका सम्वन्धी राष्ट्रिय स्थिति प्रतिवेदन" सार्वजनिक तथा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ।

उक्त व्यवस्था अनुरूप राष्ट्रिय बाल अधिकार परिषद्ले २०८२ सालको राष्ट्रिय स्थिति प्रतिवेदन तयारीका क्रममा संघीय संरचनापछि बालमैत्री स्थानीय शासन घोषणा भएका स्थानीय तहहरूको अद्यावधिक विवरण संकलन गरिरहेको हुँदा, सो सम्बन्धी विवरण उपलब्ध गराइदिनु हुन यस पत्राद्वारा अनुरोध गरिन्छ।

त्यसअन्तर्गत, हालसम्म बालमैत्री स्थानीय शासन घोषणा भइसकेका स्थानीय तहहरूको नाम, घोषणा मिति, घोषणा गर्ने निकाय, पालना मापदण्डको स्थिति, तथा हालको प्रगति विवरण समेटी एक हप्ताभित्र **contact@ncrc.gov.np / ram@ncrc.gov.np** इमेलमार्फत पठाइदिनुहुन अनुरोध छ।

यदि सम्बन्धित विवरण अझै सार्वजनिक गर्न नसकिएको वा अद्यावधिक प्रक्रियामा रहेको भएमा, सोको प्रारम्भिक मसौदा वा उपलब्ध तथ्याङ्क समेत पठाई आवश्यक समन्वय र सहयोग प्रदान गरिदिनुहुन समेत अनुरोध छ।

इन्द्रादेवी ढकाल
सदस्य-सचिव

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"

फोन नं.: ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७
Tel. : 01-5450121, 5450124, 5450147
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

## National Child Rights Council-NCRC

श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :२०८२।८३

चलानी नं. :२२९

मिति: २०८२/०७/१३

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं।

**विषय:- बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरूको विवरण उपलब्ध गराइदिने सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा, बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ९१ को उपनियम (१) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र राष्ट्रिय बाल अधिकार परिषद्ले संघ, प्रदेश तथा स्थानीय तहका सम्बन्धित निकायहरूबाट प्राप्त प्रतिवेदनका आधारमा समग्र बाल अधिकारको अवस्था समेट्ने गरी "बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन" सार्वजनिक तथा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ।

उक्त व्यवस्था अनुरूप राष्ट्रिय बाल अधिकार परिषद्ले चालू आर्थिक वर्ष २०८१/८२ को "बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन, २०८२" तयारीका क्रममा संघीय संरचनापछि **बालमैत्री घोषणा भएका स्थानीय तहका वडाहरूको अद्यावधिक विवरण** संकलन गरिरहेको हुँदा, सो सम्बन्धी विवरण उपलब्ध गराइदिनु हुन यस पत्राद्वारा अनुरोध गरिन्छ। यस सन्दर्भमा, कृपया निम्न विवरण समेटी एक हप्ताभित्र **contact@ncrc.gov.np / ram@ncrc.gov.np** इमेलमार्फत पठाइदिनुहुन अनुरोध छ।

- बालमैत्री घोषणा भएका स्थानीय तहको नाम
- वडाको नाम/नम्बर
- घोषणा मिति
- घोषणा गर्ने निकाय वा तह
- घोषणा पश्चातका गतिविधि तथा प्रगति स्थिति

यदि वडागत विवरण अद्यावधिक प्रक्रियामा रहेको वा सार्वजनिक गर्न बाँकी भएमा, हाल उपलब्ध प्रारम्भिक विवरण वा प्रतिवेदनको मसौदा समेत पठाई सहयोग गरिदिनुहुन समेत अनुरोध छ।

इन्द्रादेवी ढकाल

सदस्य-सचिव

"बालबालिकामा लगानी: सुनिश्चित भविष्यको थालनी"

फोन नं. : ०१- ५४५०१२१, ५४५०१२४, ५४५०१४७

Tel. : 01-5450121, 5450124, 5450147

E-mail : contact@ncrc.gov.np

Website : www.ncrc.gov.np

E-Portal : www.childrights.gov.np